# औरही नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
औरही, महोत्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या :- २०७८/७९
चलानी नं. :-

मिति .२०७८/११/०५

**आ.व. ०७९/०८० को लागि न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सम्बन्धी सूचना ।**

प्रत्येक नेपाली नागरिकलाई रोजगारीको हक प्रत्याभूति गराउन तोकिएको मापदण्ड पुरा गरेका नेपाली नागरिकले रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ बमोजिम आगामी आर्थिक बर्ष मा यस औरही नगरपालिकाको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न हुन चाहने इच्छुक बेरोजगार नेपाली नागरिकले आफु स्थायी बसोबास गरेको वडा कार्यालयमा **२०७८ फागुन ३०** गते भित्र बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**प्रधानमन्त्री रोजगार कार्यक्रमको उदेश्य सामाजिक र आर्थिक अवसरबाट वन्चित, विपन्न तथा जीवनयापन जोखिममा परेका वर्ग तथा दलित समुदायलाई सामाजिक संरक्षणको दायरामा ल्याउने न्यूनतम रोजगारी प्रदान गरि सहयोग पुर्याउने भएकोले सोहि बमोजिमको समुदायका बेरोजगार व्यक्तिहरुलाई प्रोत्साहित गरिन्छ ।**

### बेरोजगार व्यक्ति सूचीकरण सम्बन्धी व्यवस्था

१. १८ देखि ५९ वर्ष उमेर समूहको हुनु पर्ने,
२. नागरिता प्रमाणपत्रको प्रतिलिपि १ प्रति,
३. निवेदकको फोटो २ प्रति,
४. स्वरोजगारमा संलग्न व्यक्तिको हकमा निवेदन दिंदाको मितिसम्म सोहि आर्थिक वर्षमा न्यूनतम १०० दिनको रोजगारी वापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबर आय (चालु आर्थिक वर्षको सन्दर्भमा रु. ५७,७००/-) भन्दा कम आय भएको हुनु पर्ने,
५. स्थायी बसोबास खुल्ने आवश्यक कागजातको प्रतिलिपि, विवाह दर्ता वा बसाईंसराई प्रमाणपत्रको प्रतिलिपि,

..................
निलाम्बर मिश्र
नि. प्रमुख प्रशासकीय अधिकृत

निलाम्बर मिश्र
नि. प्रमुख प्रशासकीय अधिकृत